# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सहकारी तथा रोजगार प्रवर्द्धन शाखा

भरतपुर, चितवन, नेपाल ।

BHARATPUR METROPOLITAN CITY

OFFICE OF MUNICIPAL EXECUTIVE

BHARATPUR, CHITWAN, NEPAL

फोन नं.- ०५६५१४२२८


प.सं.- ०८२/०८३

च.नं.-

मिति : २०८२।०१।०८

श्री सहकारी संस्था सबै
भरतपुर महानगरपालिका ।

<u>विषय : निर्देशन कार्यान्वयन सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा सहकारी ऐन २०७४, संशोधन २०८१ नियमावली २०७५, भरतपुर महानगर सहकारी ऐन २०७५, सहकारी विभागको निर्देशन, परिपत्र, कार्यविधि, मापदण्ड, साधारण सभा (कार्य व्यवस्था) निर्देशिका २०७६ अनुसार गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ ।

१, सञ्चालक समितिले साधारण सभाको बैठक बस्ने कम्तीमा तीस दिन अगावै मिति, समय र स्थान तोक्ने ।( सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ बमोजीम )

२, सञ्चालक समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउने ( सहकारी ऐन २०७४ को दफा ४२ वमोजिम)

३, सञ्चालक समितिले साधारण सभाको बैठकको मिति, समय र स्थान तोक्नु अगावै विनियम बमोजीम गरि निर्वाचन उप-समिति गठन गर्नु पर्ने र निर्वाचन उप-समितिले साधारण सभामा नै नव निर्वाचित सञ्चालक समितिलाई शेयर सदस्यहरुको रोवरहरमा सफथ गराउनु पर्ने छ । ( सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ )

४, सहकारी संसथाले निर्वाचन उप-समिति गठन गर्दा नियामक निकायको प्रतिनिधि संयोजक तोक्ने, यदि नियामक निकायवाट प्रतिनिधि उपलव्ध नभएमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत कर्मचारी, विद्यालयका वहालवाला स्थायी शिक्षक वा नेपाल बार एसोसियसनको सदस्य रहेको कानून व्यवसायीलाई निर्वाचन उप-समितिको संयोजक तोक्ने । ( सहकारी संस्थाको साधारण सभा ( कार्यव्यवस्था) निर्देशिका २०७६ )

# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सहकारी तथा रोजगार प्रवर्द्धन शाखा

भरतपुर, चितवन, नेपाल ।

BHARATPUR METROPOLITAN CITY

OFFICE OF MUNICIPAL EXECUTIVE

BHARATPUR, CHITWAN, NEPAL.

फोन नः- ०५६५९१४२२८


प.सं.- ०८२/०८३

च.नं.-

५, सञ्चालक समितिले साधारण सभाको बैठक आयोजना तालिका स्वीकृत गरे लगतै यथाशक्य पत्रसमेत पठाएर राष्ट्रिय वा स्थानीय पत्रपत्रिकामा, "एसएमएस", एफएम रेडियो लगायतका सञ्चारका बहुमाध्यम उपयोग गरी तत्सम्बन्धमा सबै सदस्यहरुलाई सूचना दिने व्यवस्था मिलाउनु पर्ने छ । ( सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ )

६, सञ्चालक समितिले सूचना जारी गरिएको तीन दिनभित्र त्यस्तो सूचनाको विस्तृत प्रति संलग्न राखी साधारण सभाको बैठकको मिति, समय र स्थानका साथै निर्वाचन कार्यसूची समेत जानकारीको लागि नियामक निकायमा पठाउने । ( सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ )

७, सहकारी संस्थाले प्रत्येक आर्थिक बर्षको लेखा परिक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम ईजाजतपत्र प्राप्त लेखापरीक्षक द्वारा गराउने । ( सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ )

८, सहकारी संस्थाले लेखा परिक्षक नियूक्ति गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा वढी हुने गरी नियुक्ति नगर्ने । ( सहकारी ऐन २०७४ को दफा ७६ को ३ वमोजिम)

९, सहकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ (छ) महिनाभित्र साधारण सभा सम्पन्न गर्ने । ( सहकारी ऐन २०७४ को दफा ३९ वमोजिम)

१०, सहकारी सस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन नपाउने व्यस्थालाई कार्यान्वयन गर्ने । ( सहकारी ऐन २०७४ को दफा ४१ (३क) वमोजिम)

२०८२/५/३

..............

शैलेन्द्र भण्डारी

अधिकृत आठौं

शाखा प्रमुख

CamScanner